# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बागचौर नगरपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बागचौर नगरपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## बागचौर नगरपालिका

### सल्यान

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना,

कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनलय, कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
बागचौर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सल्यान ।

**कैफियत सहितको राय**

हामीले बागचौर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू १ करोड ५७ लाख ६७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७२ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु ६३ लाख २५ हजार र पेश्की रु ११ लाख ७४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २२ करोड ११ लाख ९८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १८ करोड ७३ लाख ८७ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(..............)

नायब महालेखापरीक्षक

## बागचौर नगरपालिका, सल्यान

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | ५६ | १५७६७ | ० | ० | ० | ५२ | ५६ | १५७६७ | ९९९ | ६३२५ | ७२६९ | ० | ० | १३५९४ | ११७४ |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बागचौर नगरपालिका, सल्यान | २२११९८ | ० | ४९५७८ | १७१६२० | ० | १५७६७ | १८७३८७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बागचौर नगरपालिका, सल्यान , बागचौर नगरपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम बहादुर हमाल | २०७७-४-१ | २०७९-३-३२ |
| लेखा प्रमुख | प्रदीप डि सी | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १५,७६६,५५६.४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १८,५१,८१,५१६.४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५७,६२,८८,५२०.६ | **चालु खर्च** | ५५,७१,९८,७८६.५८ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,८९,०६,१३२ | **पूँजीगत खर्च** | २५,०८,७५,३८४ |
| **राजश्व बाँडफाँट** | ४,४४,४८,९५४.६५ | **वित्तीय/अन्य व्यवस्था** | ५४,७५,८५१ |
| **आन्तरिक आय** | ६,५४,३६,७९५.८८ | | |
| **अन्य आय** | १,८८,३१,०९४.५१ | | |
| **कुल आय** | ७७,३९,११,४९७.६४ | **कुल खर्च** | ८१,३५,५०,०२१.५८ |
| **बाँकी मौज्दात** | | १४,५५,४२,९९२.४६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | . <br>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।६।४ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः** <br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६२ सभा सदस्य, १६३.१४ वर्ग किलोमिटर क्षेत्रफल तथा ६३ हजार जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः** <br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः <br><br>**आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२**

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६५,२२,५७,४७६ | ६१,१९,२०,०४६.१३ | | ६१,१९,२०,०४६.१३ | ५५,४१,०३,७३७.३३ | | ५५,४१,०३,७३७.३३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६५,२२,५७,४७६ | ६१,०१,६८,५१४.१३ | ० | ६१,०१,६८,५१४.१३ | ५३,३७,६५,१५३.६६ | ० | ५३,३७,६५,१५३.६६ |
| ११००० कर | ११ | १०,०३,५०,४७६ | ९,९२,८७,५९१.५१ | ० | ९,९२,८७,५९१.५१ | ८,६५,५४,२४७.८४ | ० | ८,६५,५४,२४७.८४ |
| १३००० अनुदान | | ५४,४८,०७,००० | ५०,०२,८२,७६३.६० | ० | ५०,०२,८२,७६३.६० | ४३,९४,२८,४०९.३० | ० | ४३,९४,२८,४०९.३० |
| संघीय सरकार | १२ | ४९,०२,१३,००० | ४५,५२,२८,२००.६० | ० | ४५,५२,२८,२००.६० | ४१,५८,१७,७६४.३० | ० | ४१,५८,१७,७६४.३० |
| प्रदेश सरकार | १२ | ५,४५,९४,००० | ४,५०,५४,५६३ | ० | ४,५०,५४,५६३ | २,३६,१०,६४५ | ० | २,३६,१०,६४५ |
| १४००० अन्य राजस्व | | ७१,००,००० | १,०५,९८,१५९.०२ | ० | १,०५,९८,१५९.०२ | ७७,८२,४९६.५२ | ० | ७७,८२,४९६.५२ |
| ख. अन्य प्राप्ति | | | १७,५१,५३२ | | १७,५१,५३२ | २,०३,३८,५८३.६७ | | २,०३,३८,५८३.६७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० | १,९५,६९,७३१.६७ | ० | १,९५,६९,७३१.६७ |
| धरौटी | | ० | १७,५१,५३२ | ० | १७,५१,५३२ | ७,६८,८५२ | ० | ७,६८,८५२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८५,४९,६५,४७४ | ६६,३४,४३,६९०.५८ | | ६६,३४,४३,६९०.५८ | ५४,३८,८७,४८७.३० | | ५४,३८,८७,४८७.३० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८५,४९,६५,४७४ | ६६,३१,६२,२८१.५८ | | ६६,३१,६२,२८१.५८ | ५२,८७,४८,५८५.३० | | ५२,८७,४८,५८५.३० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,७५,२१,००० | १९,३१,८७,८७६.५८ | ० | १९,३१,८७,८७६.५८ | १७,१७,७५,३३६.३० | ० | १७,१७,७५,३३६.३० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,०१,५२,६०० | १०,२८,४७,९८७ | ० | १०,२८,४७,९८७ | १२,९७,३५,५३७ | ० | १२,९७,३५,५३७ |
| २५००० सहायता (Subsidy) | १८ | ७,४०,५१,४७६ | ५,७९,८०,५०७ | ० | ५,७९,८०,५०७ | ५,७१,७३,२६१ | ० | ५,७१,७३,२६१ |
| २७००० सामाजिक सुरक्षा | १८ | ९,२३,३२,००० | ७,९०,६३,९०६ | ० | ७,९०,६३,९०६ | ७९,२२,४४३ | ० | ७९,२२,४४३ |
| २८००० अन्य खर्च | १८ | ४४,७०,००० | २९,५३,१९० | ० | २९,५३,१९० | २५,३९,५७६ | ० | २५,३९,५७६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३२,६४,३८,३९८ | २२,७१,२८,८१५ | ० | २२,७१,२८,८१५ | १५,९६,०२,४३२ | ० | १५,९६,०२,४३२ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | | २,८१,४०९ | | २,८१,४०९ | ५४,३८,८७,४८७.३० | | ५४,३८,८७,४८७.३० |
| कोषहरु | | ० | ० | ० | ० | १,३९,८९,०४९ | ० | १,३९,८९,०४९ |
| धरौटी | | ० | २,८१,४०९ | ० | २,८१,४०९ | ११,४९,८५३ | ० | ११,४९,८५३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२०,२७,०७,९९८) | (५,१५,२३,६४४.४५) | | (५,१५,२३,६४४.४५) | १,०२,१६,२५०.०३ | | १,०२,१६,२५०.०३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १८,५१,८१,५१६.४० | | १८,५१,८१,५१६.४० | १७,८०,६२,६४५.६६ | | १७,८०,६२,६४५.६६ |
| वर्षान्तिको बाकी रकम (ङ + च) | | (२०,२७,०७,९९८) | १३,३६,५७,८७१.९५ | | १३,३६,५७,८७१.९५ | १८,८२,७८,८९५.६९ | | १८,८२,७८,८९५.६९ |
| बैंक तथा नगद बाकी | २४ | | १३,३६,५७,८७१.९५ | | १३,३६,५७,८७१.९५ | १८,८५,९८,८९५.६९ | | १८,८५,९८,८९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः
<table>
<tr><th>क सं</th><th>खर्च शिर्षक</th><th>बजेट</th><th>निकासा/ खर्च</th></tr>
<tr><td>१</td><td>३०१००१०२४-मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन कार्यक्रम</td><td>26870000</td><td>23746569</td></tr>
<tr><td>2</td><td>३०१००१०२3-मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन कार्यक्रम</td><td>105000</td><td>105000</td></tr>
<tr><td>3</td><td>३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण</td><td>121060320</td><td>121060320</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>144911889</td></tr>
</table>
राजश्व तर्फ
<table>
<tr><td>राजश्व</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>विवरण</td><td>आम्दानी</td><td>दाखिला</td><td>बाँकी</td></tr>
<tr><td></td><td>विभिन्न</td><td>2701992.46</td><td>2701992.46</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br>लेखापरीक्षणको क्रममा राजश्व रु.९०००। र सामाजिक सुरक्षा भत्ता रु.३७५६६५। गरी जम्मा रु.३८४६६५। बेरुजु खाता दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षणः</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>वित्तीय विवरण विश्लेषणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br><br>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग ल्याएतापनि विभिन्न ३ वटा कोष को रु.११८८३०००।लाई शुत्रको २७२ मा आवद्ध गरेको नपाइएकोले आवद्ध गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>जिम्मेवारी फरक परेकोः स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१८३६९५५१६.४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१८५१८१५१६.४० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१४८६०००।बढी जिम्मेवारी सारी गतवर्षको घटी जिम्मेवारी सारेको हिसाव मिलान गरेको छ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा २५ र नियमावली २०७७को नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन म.ले.फा. २०२ को व्यवस्था छ ।भुक्तानीको लागी विल भर्पाइ र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा.न २०२) सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नु पर्नेमा सो गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता) कायम गर्नुपर्ने विषय विगत वर्षको लेखापरीक्षणमा औल्याएपनि हालसम्म सो ब्यवस्थाको पालनाा गरेको पाइएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **आन्तरिक नियन्त्रणः** | |
| ६.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसारको खरिद गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ६.२ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ६.३ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |
| ६.४ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ६.५ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **सम्पत्ति व्यवस्थापन र सुरक्षाः** | |
| ७.१ | | | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १४५०, मृत्यु दर्ता २४७ वटा, विवाह दर्ता ४९५, सम्वन्ध विच्छेद १५ वटा, घरवाटो शिफारिश १३४ वटा, नागरीकता शिफारिश ९३९ वटा, वसाइ सराइ ३८७ दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले पञ्जीकरण दर्ता तथा सिफारिश, बाटो सिफारिस, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ७.२ | | | **जिन्सी व्यवस्थाः** कर्णालीप्रदेश आथिक कार्यविधि ऐन, को दफा ४७ मा कार्यालयमा प्राप्त हुने सबै धनमाल र जिन्सी सामानको संरक्षण गर्नु जिम्वेवार व्यक्तीको हुने उल्लेख गरेको छ । पालिकाको जिन्सी निरिक्षण प्रतिवेदनमा मोटराइकल २, ल्याप्टप ३, प्रिन्टर २, इन्भटर १, टेबुल ६, र दराज ६, आदी सामानको मर्मत सम्भार गर्नु पर्ने उल्लेख गरेता पनि पालिकाले सो तर्फ कार्य अगाडी बढाएको नपाइएकोले प्रतिवेदनमा उल्लेख गरीएको विषय बस्तुको पालना तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ७.३ | | | **जिन्सी दाखिला नभएकोः** कर्णालीप्रदेश आर्थिक कार्यविधि ऐन, को दफा ४७ मा जिन्सी मालसामानको संरक्षण र लगत कार्यालयले तोकेको कर्मचारीको जिम्मेवारी हुने उल्लेख छ । पालिका अन्तर्गत खरिद गरिएका निम्न सामानहरुको जिन्सिदाखिला गरेको नपाइएकाले जिन्सि दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु. | २०४,००७ |

| भौ.मिती | विवरण | सामानकोनाम | संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| 107-078/11/30 | शिबु जागरण मा.वि | डेक्स/बेन्च | 36 | 93384 |
| 305-079/3/7 | सीद्धार्थ आ.वि | अफिस टेवल, स्टिल दराज | 6 | 70000 |
| 349-079/3/21 | बाल उपकार आ.वि | अफिस टेवल, कुर्सी, राउण्डीङ् कुर्सी | 9 | 40623 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| ८.१ | | | **फोहोरमैला व्यवस्थापनः** पालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गरी शुन्दर शहर बनाउनु पालिकाको जिम्मेवारीमा पर्दछ । पालिकाले फोहोर मैला व्यवस्थापनको लागि अल्पकालिन डम्पिङ साइड शारदा नदिको किनारमा व्यवस्था गरेको पाइयो । पालिकाले दिर्घकालिन फोहोर व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८.२ | | | **नक्सा पासः** नगरपालिकाभित्र बन्ने घरहरुको नक्सा पास गरी घर बनाउनु पर्नेमा हालसम्म पालिकाले घरनक्सापास सुरु गरेको पाइएन। पालिकामा नक्सापास वेगर घर बनाएको पाइयो ।पालिकाभित्र बनेका घरहरु लाभग्राहीले आवश्यकता महशुस गरेमा पालिकामा अभिलेखिकरण गराउने गरेको छ ।नक्सापास वेगर बनेका घरहरु मापदण्ड विपरित हुने हुँदा पालिकामा बनाउने घरहरुको नक्सापस गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ९ | | | **बजेट तथा कार्यक्रमः** | |
| ९.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री कल्पना पुनमगरलेले २०७८।३।१० गते रु.७८ करोड ८२ लाख ५२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 39130000 | 28069470 | 0.23 |
| सामाजिक क्षेत्र | 413679500 | 37193 239.6 | 56.09 |
| पूर्वाधार विकास क्षेत्र | 221487898 | 142240997 | 21.45 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 20954000 | 1427 020 | 2.15 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 153714076 | 106643254.98 | 16.08 |
| जम्मा | 848965474 | 663161981.58 | 100.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुके योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| 1 | 1 लाख भन्दा कमका योजनाहरु | 43 | 3595.2 |
| 2 | 1देखि 5 लाख सम्मको योजनाहरु | 292 | 76143.48 |
| 3 | ५ देखि १० लाख सम्मको योजनाहरु | 95 | 69627.6 |
| 4 | 10 देखि 50 लाख सम्मको योजनाहरु | 55 | 95382.5 |
| 5 | 50देखि माथिको योजनाहरु | 3 | 17923.6 |
| | जम्मा | 488 | 262672.38 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.४ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| 1 | ५ नं. वडा कार्यालय भवन निर्माण | २५,०० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 2 | बागचौर अग्ला टाकुरा भ्युटावर सडक स्तरोन्नती | १०,०० | ० | | |
| | | | | 3 | जोखेटाकुरा तिल्चा रानीसल्ला सडक निर्माण | ५,०० | ० | | |
| | | | | 4 | खरीबोट ,लस्तम पिपलबोट ,बन्याचौर हुदै सोतागार ,लाटागार पिपलबोटसम्म सडक स्तर उन्नति (साझेदारी) | १५,०० | ० | | |
| | | | | 5 | पेदिखोला नाउलाचौर सम्म सडक स्तरोन्नति (प्रधानमन्त्रि रोजगारकार्यक्रम साझेदारी) | २०,०० | ० | | |
| | | | | 6 | वडा नं. ६ मा विद्युत विस्तार | २०,०० | ० | | |
| | | | | 7 | परिलेख मौरिघारे चार बस्नेउटा विद्युत विस्तार वडा नं. ९ | २०,०० | ० | | |
| | | | | 8 | विद्युतको ट्रान्समिटर पोल तार तथा अन्य सामाग्री खरिद | ७८,५० | ० | | |
| | | | | 9 | विद्युत विस्तार (साविकका वडाहरु १ ६ र ७) | १७,०० | ० | | |
| | | | | 10 | विद्युत विस्तार (अपुग ठाँउहरुमा) | १०,०० | ० | | |
| | | | | 11 | वडा नं. ९ मा विद्युत विस्तार | ८,०० | ० | | |
| | | | | 12 | वडा नं. ३ ५ ६ र ७ विद्युत विस्तारको लागि सामाग्री खरिद | ४०,०० | ० | | |
| | | | | 13 | पुरानो पोलमा तार तथा विद्युत विस्तार | ९,०० | ० | | |
| | | | | 14 | वडा नं. ५ मा विद्युत विस्तार | १०,०० | ० | | |
| | | | | 15 | ध्याप गैरावेत स्यानी हम्पाल विद्युत विस्तार | ११,०० | ० | | |
| | | | | 16 | सरस्वती मा वि पेदिखोला डिजिटल विद्यालय निर्माण तथा कार्यालयव्यवस्थापन | २२,५० | ० | | |
| | | | | 17 | शहिदपार्क निर्माण कोटमौला (प्र म रोजगार कार्यक्रमसाझेदारी) | १५,०० | ० | | |
| | | | | 18 | शहिद प्रतिक्षालय तथा बाचनालय निर्माण बागचौर | ५,०० | ० | | |
| | | | | 19 | बहुउद्देश्यीय भवन निर्माण वडा नं.२ (प्र म रोजगार कार्यक्रमसाझेदारी) | २०,०० | ० | | |
| | | | | 20 | प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रममा साझेदारी | ५०,०० | ० | | |
| | | | | 21 | पानीचौर हारिचार विद्युत विस्तार | १०,०० | ० | | |
| | | | | 22 | साविक वडा नं. १ र २ मा विद्युत विस्तार | १०,०० | ० | | |
| | | | | 23 | घर्तिगाँउ अम्रेखोला भीरगाँउ विद्युत विस्तार | १०,०० | ० | | |
| | | | | 24 | माजागाँउ लौराबाङ्ग विद्युत विस्तार | १५,०० | ० | | |
| | | | | 25 | भगवति आवि भवन निर्माण बागचौर ५ | १९,०० | ० | | |
| | | | | 26 | पेदिखोला स्वास्थ्य केन्द्र भवन निर्माण | २०,०० | ० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९.५</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षकको वजेट</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च (रु.हजारमा)</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसोचौमासिक</th><th>असारमहिनाको</th></tr>
<tr><td>सबै</td><td>227127</td><td>6888</td><td>33499</td><td>186740</td><td>147684</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००.</td><td>3.03</td><td>14.74</td><td>82.21</td><td>65.02</td></tr>
</table>
तालिका अनुसार कुल खर्चमध्ये प्रथम चौमासिकमा ३.०३%, दोस्रो चौमासिकमा १४.७४% खर्च भएको र तेस्रो चौमासिकमा ८२.२१% त्यसमा पनि असार महिनामा मात्र ६५.०२% खर्च भएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा मात्र बढि भार पर्ने गरी पुँजिगत खर्च गरेको पाइयो । यसले गर्दा जोखिमका क्षेत्र बढ्न सक्ने, अनुगमन र सुपर्भिजनमा कठिनाई हुने र गुणस्तरमा समेत प्रभाव पार्न सक्ने देखिएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.६</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.७</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आआय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छैन । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय | अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा गरेको देखिएन ।न्तरिक</td><td></td></tr>
<tr><td>९.८</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१९३७२१००४। राजस्व बाँडफाँड र अनुदानबाट रु.६३१३२००.८ समेत रु.६४३३१७३१३। आम्दानी भएकोमा चालु तर्फ रु.४३६०३३०००। र पूँजिगत तर्फ रु.२२७१२८०००।समेत रु. ६६३१६२०००। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.११९६६०००। खर्च भएको छ जुन आन्तरिक आयको ६.१८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९ प्रतिशत चालु र ३५.९७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वियनः</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>कानून निर्माणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १६ ऐन, ६नियमावली, ७ कार्यविधि समेत २९ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | **न्यायीक समितिः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ३ गरी कुल ५ विवाद दर्ता यस वर्ष विवाद फर्छयौट नभइ ५ विवादन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११ | | | **आर्थिक सहायता र अन्य विविध खर्चः** | |
| ११.१ | | | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले बाढी पिडित, औषधि उपचार, विरामि, आगलागी आदी प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.३७४०००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११.२ | | | **खाना तथा विविध खर्चः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४२१३१७। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| १२.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७८ जना कर्मचारीहरु करारमा राखी रु.२०१६५७०६। खर्च लेखेको छ । | |
| १२.२ | | | **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नु पर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी बार्षभरीमा रु.१७०६३२८७८। खर्च लेखेको पाइयो । अतः कर्मचारीलाई तलब भत्ता भुक्तानी गर्दा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्दछ । | |
| १२.३ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । सेवा प्रवाहका लागि प्राविधिक तर्फ ३० र प्रशासनिक तर्फ २३ समेत ५३ कर्मचारीको दरबन्दी स्विकृत भएकोमा क्रमश १ र १८ समेत १९ पदपूर्ती भइ प्राविधिक तर्फ २९ जना र प्रशासनिक तर्फ ५ गरी ३४ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| १३ | | | **धरौटी तर्फः**<br>• धरौटीको व्यक्तिगत अभिलेख राख्ने नगरेको । | |
| १४ | | | **पेश्की बाँकीः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ बमोजिम पेश्की फर्छयौट हुनु पर्ने व्यवस्था छ । यस वर्ष देहाय अनुसार उपभोक्ता समितिको पेश्की रु. ११७३५८२। बाँकी रहेकोले नियमानुसार फर्छयौट गर्नु पर्दछ । | १,१७३,५८२ |

| क्र सं | भौ.मिती | योजनाको नाम | निर्माण व्यवसायी | पेश्की रकम |
|---|---|---|---|---|
| 1 | 56-078/10/18 | स्वास्थ्य संस्था नभएका वडामा भवन निर्माण | वडा नं. ३ विद्युत विस्तार उ.स | 470250 |
| 2 | 16-079/3/24 | हिमनौला चौर, धोपाट बृज झो.पु थारमारे | थारमारे झोलुङ्गेपुल निर्माण उ.स | 703332 |
| | | जम्मा | | 1173582 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन तर्फः</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.५० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरी भुक्तानी गरेको रु.२२०४७४३।नियम सम्मत देखिएन।
<table>
<tr><td>भौ.मिति</td><td>सप्लायर्स</td><td>सामान</td><td>भुक्तानीरकम</td></tr>
<tr><td>४-4/6/20७७</td><td>श्रीबगेश्वरी कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सप्लायर्स</td><td>कम्प्युटरतथा प्रिन्टर खरिद</td><td>४,९९,१२१</td></tr>
<tr><td>२-२७८।११।३</td><td>बगेश्वरीकम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सप्लायर्स</td><td>कम्प्युटरतथा प्रिन्टर खरिद</td><td>१,९८,५४१</td></tr>
<tr><td>४-०७८।१२।१०</td><td>न्यु सिटीकम्प्युटर एण्ड सप्लायर्स</td><td>कम्प्युटरतथा प्रिन्टर खरिद</td><td>१,९७,७५०</td></tr>
<tr><td>७-२०७७।६।२०</td><td>सिद्दिविनायक फर्निचर उद्योग</td><td>फर्निचरसामाग्री खरिद</td><td>४,९५,०५३</td></tr>
<tr><td>४७५-०७९।३।२५</td><td>जयखैरावाङ्ग दर्शन काष्ठ फर्निचर उद्योग</td><td>फर्निचरसामाग्री खरिद</td><td>८,१४,२७८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२२०४७४३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>लागनअनुमान वेगरको परामर्श सेवाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार बनाइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका कार्य गर्दा लागत अनुमान वेगर फर्महरुसँग कोटेशन लिइ कार्य गराएको पाइयो । नियमावलीको व्यवस्थाको अनुरुप लागत अनुमान तयार गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्न देखिन्छ ।
<table>
<tr><th>क्र सं</th><th>काम</th><th>परामर्श दाता</th><th>भौ.मिती</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1</td><td>डिजिटल नगर प्रोफाइल निर्माण</td><td>स्मार्ट पालिका प्रा.लि</td><td>2-078/3/11</td><td>598200</td></tr>
<tr><td>2</td><td>पञ्चवर्षिय प्रगति विवरण सहितको पुस्तिका प्रकाशन तथा वृत्त चित्र निर्माण कार्य</td><td>रियल भ्वाइस भिडिया हाउस, माइण्ड शेयर ग्रफिक प्रिन्टर्स</td><td>289-079/3/20</td><td>999032</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>नगरपालिका भवनः सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ मा निर्माण व्यवसायी वा परामर्शदत्ताले खरिद सम्झौता कार्यान्वयन गर्दा सारभुत त्रुटि गरेको वा सम्झौता अनुसारको दायित्व सारभुत रुपमा पालना नगरेको अवस्थामा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने व्यवस्था छ । भवन निर्माण कार्यको लागि परामर्शदात्ता मुनलाईट सोलुसन प्रा.ली | ले रु ९९६८००३३/- लागतको चारतले भवन डिजाईन गरे अनुसार प्रथम तलाको रु.३८६८१२८७।– लगत अनुमान भएको कामको बोलपत्रको माध्यमबाट २०७५ असोज मसान्त सम्म कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायी प्राकृतिक निर्माण सेवा प्रा. लि सँग मु.अ.कर बाहेक रु.३२९९३४९०।– को खरिद सम्झौता गरी निर्माण कार्य गराएकोमा तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभएकाले २०७५ चैत्र मसान्त सम्म म्याद थप गरेको छ । हालसम्म मु.अ.कर समेत रु ३७२८२६४३। सम्झौता अकको ९० प्रतिशत भुक्तानी भएको देखिन्छ। कार्यपालिका बैठक ०७७।७८ (४ न.) बाट निर्माण व्यवसायी प्राकृतिक निर्माण प्रा. ली. लाई ०७७।३।१ को म्याद थप सम्बन्धी निवेदनको आधारमा भवन निर्माणको बांकी काम २०७७ साल पौष मसान्त सम्म थप गर्ने निर्णय गरेको र उक्त निर्माण व्यवसायीको कार्य सम्पादन जमानत १० डिसेम्बर २०२० मा समाप्त भएकोमा थप भएको छैन । कोरोनाको समयमा आइसोलेसनको रुपमा प्रयोग भएको भवन हाल प्रयोग विहिन अवस्थामा रहेको छ ।पालिका भवन वनेको अवस्थामा हस्तान्तरण नभएको साथै प्रयोगमा नआएकोले पालिकाले ठूलो रकम भाडाको रुपमा खर्च भइ रहेको छ । अतः भवन प्रयोग ल्याउने तर्फ पालिकाले पहल गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>कार्य सम्पादन जमानतः सार्वजनिक खरिद नियमावली, २०६४को नियम ११०(४) अनुसार सम्झौता गर्नु पर्व त्रुटी सच्याउने अवधि सम्मको भन्दा कम्तिमा १ महिना बढी परफरमेन्स बैक ग्यारेन्टी भएको हुनु पर्ने व्यवस्था छ । निम्न कामका निर्माण व्यसायिहरुले तोकिएको समय भन्दा कम अवधिको बैङ्क ग्यार्नेटी राखी संझौता गरेको साथै म्याद थप गर्दा बैक ग्यारेन्टीको म्याद थप गर्ने गरेको पाइएन । अतः कार्यसम्पादन जमानतको बैक म्याद थप गरी प्रमाण पेश गर्नु पर्दछ । गत वर्षमा पनि यस व्यहोरा औल्याएकोमा हालसम्म सुधार भएको नपाइएकोले यसमा पालिकाको विषेश ध्यान जानु पर्ने देखिन्छ ।
<table>
<tr><th>निर्माण कार्य</th><th>निर्माण व्यसायी</th><th>संझौता रकम</th><th>काम सम्पन्न गर्नु पर्ने अवधि म्याद थप समेत</th><th>बैक जमानतको अवधि</th><th>जमानतको हुनु पर्ने अवधि</th><th>नपुग अवधि</th><th>कार्यसम्पादन जमानत रकम</th></tr>
<tr><td>अम्ला टाकुरा शौचालय शभाहल पार्क निर्माण</td><td></td><td>5546915</td><td>07९/3/20</td><td>078/11/18</td><td>4/20/2080</td><td>5 महिना</td><td>372369</td></tr>
<tr><td>सहिद रिङरोड कालाखेत, चौरपानी लामाडाँडा सडक मर्मत</td><td>हरिसिद्धि कन्स्ट्रक्न एण्ड सप्लायर्स</td><td>4825160</td><td>078/8/13</td><td>3/11/2079</td><td>079/9/13</td><td>6 महिना</td><td>3576213</td></tr>
<tr><td>विद्युत विस्तार वडा नं.४, ११, र १२</td><td>दिश्ना टेक्नोलोजि</td><td>10540632</td><td>2/25/2079</td><td>079/3/14</td><td>3/25/2080</td><td>12</td><td>904651</td></tr>
<tr><td>कोटबार स्वास्थ्य चौकि भवन निर्माण</td><td>जेनिसा निर्माण सेवा एण्ड सप्लाय</td><td>6374515.7</td><td>78/10/20</td><td>079/5/11</td><td>079/11/20</td><td>6</td><td>1320000</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>6173233</td></tr>
</table></td><td>६,१७३,२३३</td></tr>
<tr><td>१५.५</td><td></td><td></td><td>मु.अ.कर नलाग्ने सामानमा मु.अ.कर भुक्तानीः नविकरणिय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत २० वाटका ५० वटा सोलार प्यानल राइजिशङ नेपाल अटोमोबाइल इलेक्ट्रोनिक कन्सल्टेन्स ट्रेड एण्ड सप्लायर्स प्रा.लि सँग प्रति सोलार प्यानल मु.अ.कर समेत रु.८८३०।का दरले खरिद गरी भौ.११-०७९।३।१६ बाट रु.१७६६००। (मु.अ.कर रु.२०३१६।) भुक्तानी भएको छ ।मु.अ.कर नालग्ने सामानमा मु.अ.कर रु.२०३१६। भुक्तानी भएको रकम सप्लायर्स सँग असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.</td><td>२०,३१६</td></tr>
